जि.प्र.का. झापा दर्ता नं. १५०/२०७६/०१/१६

सूचना र सञ्चार, नागरिकको अधिकार

# निष्कर्ष न्यूज

NISHKARSHA NEWS WEEKLY साप्ताहिक

वर्ष - ४ | अंक - ४१ | साउन १० गते आइतबार २०८३ | Sunday 26 July, 2026 | मूल्य : रु. १५।-



**देशमा अझै थुप्रै कुराको पर्खाइ छ १**

✍ नकुलकाजी

पृष्ठ २

# ज्वरो र रुघाखोकीका बिरामीले अस्पताल भरिभराउ

**दमक/** झापाको दमक तथा आसपासका क्षेत्रमा यतिबेला भाइरल ज्वरो र रूघाखोकीका बिरामीको संख्या ह्वात्तै बढेको छ। बिरामीको अत्यधिक चापका कारण अस्पतालहरूमा उपचार सेवा व्यवस्थापन गर्नै कठिन भएको अस्पतालहरूले बताएका छन् ।

सीमित स्रोतसाधन र जनशक्तिका बाबजुद सरकारी स्वामित्वको दमक अस्पताल तथा सामुदायिक अस्पतालका रूपमा सञ्चालित आम्दा अस्पतालले नियमित उपचार सेवा सञ्चालन गरिरहेका छन् । आम्दा अस्पताल १०० शय्याको क्षमता भएको अस्पताल हो भने दमक अस्पताल १५ शय्याको स्वीकृति प्राप्त भए पनि हाल ५० शय्या सञ्चालनमा छन्। तर अहिले दुवै अस्पतालका सबै शय्या भरिएका छन्। ।

अस्पतालका अनुसार पछिल्लो एक सातादेखि बिहानदेखि रातिसम्म मात्रै होइन, २४सै घण्टा बिरामीको अत्यधिक चाप रहेको छ। ओपीडीदेखि आकस्मिक कक्षसम्म उपचारका लागि आउने बिरामीको भीड बढेको छ ।

चिकित्सकहरूका अनुसार अधिकांश बिरामीमा १०० देखि १०५ डिग्री फारेनहाइटसम्मको उच्च ज्वरो, सुख्खा खोकी, छाती दुख्ने, हातखुट्टाका मांसपेशी



दुख्ने, टाउको दुख्ने तथा शरीर गल्ने जस्ता लक्षण देखिएका छन्। ।

बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूमा संक्रमणको असर तुलनात्मक रूपमा बढी देखिएको चिकित्सकहरूको भनाइ छ । दमक अस्पतालका सूचना अधिकारी डा. अनुपम घिमिरेका अनुसार दैनिक उपचारका लागि आउने एक हजारभन्दा बढी बिरामीमध्ये करिब ५० प्रतिशत अहिले भाइरल ज्वरो र श्वासप्रश्वाससम्बन्धी संक्रमणबाट पीडित छन्। ।

पछिल्लो केही दिनयता ज्वरो र रूघाखोकीका बिरामी उल्लेख्य रूपमा बढेका छन्। अस्पतालका सबै शय्या भरिएका छन् र उपचारका लागि आउने बिरामीको चाप व्यवस्थापन गर्न चुनौती भइरहेको छ, डा. घिमिरेले बताए ।

स्वास्थ्यकर्मीहरूले अनावश्यक रूपमा भीडभाडमा नजान, मास्कको प्रयोग गर्न, साबुनपानीले नियमित हात धुन, प्रशस्त झोलिलो पदार्थ सेवन गर्न तथा ज्वरो वा रूघाखोकीका लक्षण देखिएमा घरमै औषधि सेवन गर्नुको सट्टा स्वास्थ्य संस्थामा पुगेर चिकित्सकको सल्लाह लिन आग्रह गरेका छन्।

स्वास्थ्यकर्मीका अनुसार हाल देखिएको संक्रमण अधिकांशमा भाइरल प्रकृतिको भए पनि लक्षण गम्भीर बन्दै गएमा वा श्वास फेर्न गाह्रो भएमा तत्काल अस्पताल पुग्नुपर्ने अवस्था रहेको छ ।

# प्रधानमन्त्री साहको सचिवालयमा २७ जना

**काठमाडौं**/प्रधानमन्त्री बालेन्द्र साह 'बालेन'को स्वकीय सचिवालयमा हाल २७ जना नियुक्त रहेको खुलासा भएको छ। प्रतिनिधिसभाकी प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद सीता थपलिया (उर्मिला)ले सोधेको लिखित प्रश्नको जवाफमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो जानकारी दिएको हो ।

कार्यालयका अनुसार मुख्य सल्लाहकार कुमार बेञ्जनकार (कुमार बेन) र राजनीतिक सल्लाहकार अशिम साहलाई मन्त्रीसरह सेवा-सुविधासहित नियुक्त गरिएको छ ।

यस्तै, नीति, प्रशासन तथा सुशासन सल्लाहकार र सूचना तथा सञ्चार प्रविधि सल्लाहकारलाई राज्यमन्त्रीसरह सेवा-सुविधा उपलब्ध गराइएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। मन्त्री तथा राज्यमन्त्रीसरह सुविधा प्राप्त सचिवालयका सदस्यहरूलाई सरकारी सवारीसाधन र चालकको सुविधा समेत प्रदान गरिएको छ। सांसद थपलियाले प्रधानमन्त्रीको सचिवालयमा नियुक्त सदस्यहरूको संख्या, जिम्मेवारी तथा सेवा-सुविधाबारे विवरण माग गरेकी थिइन्। । त्यसको लिखित जवाफमा प्रधानमन्त्री कार्यालयले हाल सचिवालयमा २७ जना कार्यरत रहेको तथा कानुनी व्यवस्थाअनुसार अधिकतम ४८ जनासम्म नियुक्त गर्न सकिने जनाएको छ ।

# देशैभर ठाउँ-ठाउँमा यातायात अवरुद्ध

**झापा/** देशभर भइरहेको लगातारको वर्षाका कारण विभिन्न स्थानमा मुख्य राजमार्ग तथा सडक खण्डहरु पूर्ण तथा आंशिक रूपमा अवरूद्ध भएका छन्। । इलाम नगरपालिका-९ राजदुवालीमा वर्षाका कारण बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएपछि मेची राजमार्ग पूर्ण रूपमा अवरूद्ध भएको छ, यद्यपि सो स्थानमा वैकल्पिक बाटोको व्यवस्था गरिएको छ ।

नेपाल प्रहरीका अनुसार शनिबार बिहानसम्म बाढी, पहिरो र लेदो खसेका कारण विभिन्न ठाउँमा आवतजावतमा रोक लगाइएको छ ।

बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक बाँकी ६ पेजमा ➲

# बुबाको उपचारमा हिंडेका प्रधानाध्यापक शेर्मा आफैं बिते

**दमक/** झापा शिवसताक्षी नगरपालिका वडा नं. ११ दूधे स्थित श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालय दूधेका प्रधानाध्यापक गिरीराज शेर्माको दुर्घटनामा मृत्यु भएको छ । धरान उपमहानगरपालिका-६ स्थित मदन भण्डारी राजमार्गको दर्लामी चोकमा मोटरसाइकल दुर्घटना हुँदा चालक शेर्माको घटनास्थलमै मृत्यु भएको हो ।

शुक्रबार दिउँसो करिब १:३० बजे मोरङको केराबारीबाट धरानतर्फ आउँदै गरेको मे १२ प २०३ नम्बरको २०० सिसी हिरो मोटरसाइकल आफैं अनियन्त्रित भई सडक किनारमा रहेको विद्युत पोलमा ठोक्किँदा चालक झापाको दमक नगरपालिका निवासी करिब ४५ वर्षीय गिरिराज शर्माको घटनास्थलमै मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धरानले जनाएको छ ।

मोटरसाइकल तीव्र गतिमा रहेका कारण दुर्घटना भएको हुन सक्ने प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान सम्म राष्ट्रिय रमणीय माबि दुधेमा सहकर्मीहरूसँग शैक्षिक विषयमा योजना र छलफल गर्दै थिए प्रधानाध्यापक गिरीराज शेर्मा ।

पाँचथर घरबाट बुवालाई उपचारका लागि धरान ल्याइएको खबर आयो । भाइले बुवाको उपचारका लागि आकस्मिक रूपमा धरान ल्याइएको जानकारी फोनमा गराएपछि शेर्मा सर तत्कालै धरान तर्फ हानिए ।

महेन्द्र राजमार्ग छोडेर मोरङको केराबारी पानमारा हुँदै धरान घोपा क्याम्प पुग्न छोटो दुरी हुने भएकाले शेर्मा हतार हतारमै बुवालाई भेट्ने लक्ष्य




राखेर हुँइकिए । बुवा बिरामीको खबर सुनेदेखिनै तनाब बीच हतारोमा मोटरसाइकमा हुइकिएका शेर्मा आफै बिजुलीको पोलमा थोक्किन पुगे ।

न उनले छोराको प्रतीक्षामा अस्पतालको बेडमा छट्पटाईरहेका बुवासग भेटन सके न भाईसग । बिजुलीको पोलमा मोटरसाइकल ठोक्किएर भएको दुर्घटनाले उनलाई सदाका लागि यो संसारबाट खोसेर लग्यो ।


बिर्ताज्योति आँखा अस्पताल दमकमा

वरिष्ठ आँखा विशेषज्ञ डाक्टरहरुको सेवा

डा. राजेश श्रेष्ठ | डा. शान्ति गुरुङ

ओपिडी समय : बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म

शनिबार : बिहान १० बजेदेखि ५ बजेसम्म



बिर्ताज्योति आँखा अस्पताल प्रा.लि.

दमक-५, बेलडाँगी रोड ०२३-५७१२२२/५७६२२२

पान नं. ३०१५६२८४७ अनुमति पत्र नं.: १०/०७८/७९

दमक ड्राईभिङ ट्रेनिङ सेन्टर

लिङ्देन मिनि मार्केट, दमक-५, झापा

प्रो. पवन लिम्बु
९८५२६५५७९५
९८१७०००७९५
अफिस
९८४२६२२४८७
९८०१६१५१०२



ट्रायल स्पोर्ट: मिष्ट कलेज पश्चिम, ४ नं. वडा कार्यालय छेउ

क र ख को मापदण्ड अनुसार ट्रायल स्पोर्ट तयार गरिएको ।




# सतर्कताले बचाउँछ ज्यान

सडक सञ्जाल विस्तारसँगै सवारी साधनको सङ्ख्या तीव्र रूपमा बढिरहेको छ । तर सडक पूर्वाधार, ट्राफिक अनुशासन र चालक-पैदलयात्रीको सचेतना सोही अनुपातमा विकास हुन नसक्दा सडक दुर्घटना राष्ट्रिय चिन्ताको विषय बनेको छ। हरेक दिन हुने सडक दुर्घटनाले दर्जनौं परिवार शोकमा डुबिरहेका छन्। । अधिकांश दुर्घटना प्राकृतिक कारणले होइन, मानवीय लापरवाहीका कारण हुने भएकाले यसलाई धेरै हदसम्म रोक्न सकिन्छ।

औसतमा देशभर बर्षेनी झण्डै १३ हजार बढी सडक दुर्घटना हुने गरेका छन् । दुर्घटनामा झण्डै २५ सय मानिसहरुले जनाले ज्यान गुमाउने गरेका छन् । यी तथ्याङ्कले सडक दुर्घटना नेपालमा अकाल मृत्युको प्रमुख कारणमध्ये एक बन्दै गएको पुष्टि गर्छ । दुईपाङ्ग्रे सवारीको अत्यधिक प्रयोग, तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्ति, ओभरटेक गर्ने हतार, सिटबेल्ट र हेल्मेटको प्रयोगमा बेवास्ता तथा कमजोर सडक व्यवस्थापन दुर्घटनाका मुख्य कारण मानिएका छन् ।

सडक दुर्घटना केवल एक व्यक्तिको मृत्यु वा घाइते हुने घटना मात्र होइन। यसले परिवारको आर्थिक अवस्था, बालबालिकाको भविष्य, स्वास्थ्य प्रणाली र समग्र राष्ट्रिय उत्पादनशीलतामाथि गम्भीर असर पार्छ। दुर्घटनापछि हुने उपचार खर्च, श्रमशक्तिको क्षति र सामाजिक पीडाको मूल्य कुनै तथ्याङ्कले पूर्ण रूपमा मापन गर्न सक्दैन।

दुर्घटना न्यूनीकरणका लागि सरकार, सम्बन्धित निकाय र नागरिक सबैको समान जिम्मेवारी छ। सडक निर्माण गर्दा गुणस्तरमा विशेष ध्यान दिनु, जोखिमयुक्त स्थानमा चेतावनी संकेत राख्नु, नियमित सवारी परीक्षण गर्नु, चालकलाई समय-समयमा तालिम दिनु तथा ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्नु आवश्यक छ। त्यस्तै चालकले गति सीमाको पालना गर्ने, हेल्मेट र सिटबेल्ट अनिवार्य प्रयोग गर्ने, मोबाइल फोन प्रयोग नगर्ने तथा थकित वा मादक पदार्थ सेवन गरेको अवस्थामा सवारी नचलाउने बानी बसाल्नुपर्छ । पैदलयात्रीले पनि जेब्राक्रसिङ र निर्धारित स्थानबाट मात्र सडक पार गर्ने जस्ता नियमहरुको पालनामा अनिवार्य गरिनु पर्छ ।

सडक दुर्घटनालाई कर्मले लेखेको वा भाग्यको खेल हो भन्ने गलत मान्यता समाजमा स्थापित गरिँदा यो समस्या झन बढेर गएको छ । त्यसैले दुर्घटना सतर्कताको अभावको परिणाम हो । एक क्षणको हतारले एउटा जीवन मात्र होइन, पूरा परिवारको भविष्य समाप्त हुन सक्छ । सडकमा निस्कने प्रत्येक व्यक्तिले म सुरक्षित भए अरू पनि सुरक्षित हुन्छन् भन्ने भावना आत्मसात गर्न सक्नु पर्छ । यसैले दुर्घटना रोक्न मद्धत पुग्नेछ ।






# देशमा अझै थुप्रै कुराको पर्खाइ छ !



✍ नकुलकाजी

वस्तुतः झन्नै दुई-तिहाइको जनमतले सुशोभित दलको बलियो मौजुदा सरकारको आजसम्मका ११४ दिनलाई 'कानूनी फैसला'-हरूको आँखीझ्यालबाट चेवा गर्दा चाहिं 'अल्लारे' देखिनुलाई अन्यथा ठान्न सकिंदैन । यो अवस्थालाई मसिनोगरी निफन्दा न्याय-सम्पादन शिविरहरूमा पूर्व शासकहरूका वीर-मशानहरूको बिग्बिगीका जीवन्त किर्कौला र बियाँहरूका बाधा-व्यवधान विशेष कारक भेटिन्छन्रदेखिन्छन् ! सत्ताको मनमोजी रजगज खोसिएर रन्थनाएका साविक शासकदलमार्गीरू तिनै किर्कौला-बियाँहरूलाई नै 'बलियो बैशाखी' ठान्ने दयनीय अवस्थामा झरेकाले पनि हुन सक्छ - तिनैका सहारामा उभिएर, मुश्किलले आˆ नो जिजीविषाको जगेर्ना गरिरहेका छन् क्यारे ! र, मौजुदा सरकारको शैशवकाललाई पनि, विशाल जनसमर्थनका बाबजुद, हलक्क हुर्किन र गन्तव्यतिर निर्वाध लम्किन सहज नभइरहेकाले उसका पाइलाहरु अल्लारे ठहरिइरहेका हुन सक्छन् ।

हालै सम्पन्न एमालेको नेतृत्वसँग सम्बन्धित आन्तरिक मत सर्वेक्षणको नतिजा प्रकाशमा आएपछि - अब चाहिं यो संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा विशेषतः ओलीको अहंकारी र बखेडे रोड्याइँ ठेगान लाग्छ होला कि भन्ने आशा टुसाउने खण्ड परेको थियो । यो, किनभने, उनको शिकञ्जामा परिरहँदाको ऐंठनमा फँसेका एमाले जनगण लगायतका आम नागरिकले सजिलोसँग सास फेर्न पाउने समय फर्किने सम्भावना बढेको थियो । अर्थात, ओलीको जादूमय वाचाल सम्मोहनले सदा लल्याकलुलुक राखेको एमालेजनभित्रका केही अगुवाले स्वयम् स्वविवेकमाथि लगाइरहेका खबरदारीको ताला अब चाहिं खोलिन्छ भन्ने प्रायः सबै कित्ताका नेपालीको बुझाइ थियो । यो, किनभने, एमालेका प्रति निःस्वार्थ सम्पृक्त नेपालीको संख्या पनि अनुल्लेख्य छैन ।

अतः त्यसो हुन सकेका खण्डमा खड्ग ओलीको हुकुममा चल्न बाध्य अवस्थाको एमालेबाट सोझो-घुमाउरो कुनै किसिमले सरकारलाई लाग्ने विविध बखेडे घट्टेसी बनिरहेका तरोताजा दिनहरु न्यूनतम कर्तव्यबोधी लोकतान्त्रिक संवेदनशील बन्न पाउने बाटो सोझिएला भन्ने जनाशा थियो । र, नितान्त जन-सरोकारका विषयहरूमा 'एमाले अनुपस्थित' कुनै पनि लोकतान्त्रिक ढङ्गको सरकारले खड्ग ओलीकृत सधैंको गोठाले टुक्के उखाने लयका गेजु, गुल्चे, धाकधम्कीमय उकुर्जी, जिरह, अहमत्याइँ-डेउढ्याइँ, कर्कश मालिक्याइँ, रोड्याइँ-घड्घड्याइँ आदिबाट पाशित हुन नपर्ला भन्ने जनमनको प्रकटित-अप्रकटित अभीष्ट थियो । लोकतन्त्रको धर्मअन्तर्गत त्यो अभीष्ट अनुकूल लोकका व्यवहार-दैनिकी र मुलुकको मौलिक परम्परागत मौन अभिलाषा परिपूरणमा प्रत्याभूत हुनु पर्दथ्यो, ती सबै 'काम पाइनस् बुहारी ? पोख्दै उठा !' शैलीमा गुज्रिने क्रम त साढे तीन दशक बढी समयदेखिको शासकीय चलन बनिआएकै हो, यसमा भने ओली एक्ला छैनन् !

वर्षौंयता 'खड्ग ओलीको कबिला' सरह चल्दै आएको एमाले पार्टीको किल्लाभित्रकै व्यतिरेक र विभ्रान्त पक्षले 'यो समय'-को नेपालका लागि ओलीको 'यही हैसियत' पटक्कै सान्दर्भिक र स्वयम् एमाले.कै लागि समेत घातक सिद्ध हुने 'सत्य' सुझाउन मातहती नेताहरूलाई जाग्रत गराएका थिए । तर, त्यस फालमा पनि ओलीको 'आफूलाई पर्दा चतुरे वकिल र अरूका लागि न्यायाधीश' बन्ने 'घुमाइमुखी घमण्ड' टसमस नभई उनले मनमौजी हाँकिरहेका दलको अध्यक्ष पद छोड्दै नछोड्ने अड्डी कसेका थिए । तर, त्यसपछिको अवस्थामा क्रमशः साविकदेखि ओलीकै मातहतका निकटस्थ मानिइने पटवारी-कार्बारी-मुनिम वर्गीय अगौटाहरु समेत त्यसमा सामेल भएपछि 'एमाले रूपान्तरण र पुनःसंरचनाका लागि पुनर्जागरण अभियान'-को उपायबाट मत सर्वेक्षण भएको थियो ।

अन्ततः सो सर्वेक्षणको नतिजाले खड्ग ओलीलाई जन-समर्थनको टिठलाग्दो स्थितिमा थेचारेर उनलाई, 'सिंगौरी खेल्ने गोरूको सिङ भाँचिन्छै भाँचिन्छ' भन्ने उखान झैं, दल-परिधिभित्र उनको असलियत उनैका अघिल्तिर खुल्ला पसारिदिएको थियो । अर्थात, सो देशव्यापी सर्वेक्षणमा साविकदेखि ओलीकै झिजोले हुकुममा चलिरहेका तावेदार वर्गीय 'संगठित सदस्य र समर्थक'-हरूमध्ये ८७.०६ प्रतिशतले नै ओलीका विरूद्ध मत जाहेर गरेका थिए र १०.०५ प्रतिशत मात्र उनको पक्ष अनुमोदनमा उभिएका थिए । कस्तो विडम्बना !

खड्ग ओलीले राज्यशक्तिको चुच्चुरोमा चार पटक आरोहण गरेका हुन् । ती लामा-छोटा अवधिका समय-खण्डहरूमा उनले उनको दललाई मात्र होइन, प्रकारान्तरमा, उनको शासकीय अभ्यासको शैलीका माध्यमबाट देशलाई नै 'कबिलाकरण' गरेका थिए । त्यो दुष्कर्मलाई यस देशका निर्धा-निमुखा नागरिकको अधिक आधिक्यको भावभूमिसँग संश्लेषण गरी पर्गेल्दा - त्यो कर्तुतले विश्व-इतिहासमै कुख्यात बाबर, चङ्गेज खाँ, तैमुरलङ, अब्राहम, मुसा आदिका दुरन्त कथालाई पनि मात गर्ने हैसियत राखेको मान्नै पर्दछ ! नागरिकलाई 'सुख' दिएरदिलाएर देशलाई 'समृद्धि'-ले शोभायमान तुल्याउने वकवेदान्ती ओठे भाषणका लैबरीहरूले मैदानी नागरिकसम्मलाई अक्सर मोहित गर्दै 'अरूहरूलाई ऐन-आˆ नालाई चैन'-को आभ्यासिक माखेसाङ्लोमा जकड्दै लैजाने प्रतारणाको पीडा त आम अनुभूतिमा छिप्पिएकै छँदैछ ।

त्यसैको यहाँसम्मको पहिलो कडा विष्फोट जेन-जेड क्रान्तिलाई मान्नु पर्दछ । त्यो क्रान्तिका क्रममा के-के भए वा खड्ग ओलीसँग कुन-कुन प्रकरण कसरी-कसरी जोडिए भन्ने पनि जगजाहेरै छ - जसको बुँदागत पुनरावृत्ति आवश्यक नहोला । सत्ताधिकारको मादकताले उन्मत्त भई उक्त क्रान्तिका ७६ योद्धाका ज्यान-खुन र त्यस सन्दर्भमा जोडिने विध्वंशको, पदीय नैतिकताको हकमा, जिम्मेवार उनै थिए । फलतः उनी सत्ताच्यूत मात्र भएनन्, खुँखार खतुकी झैं भागेर लुक्नुपर्ने स्थितिमा पुगेका थिए । यति हुँदा पनि उनी रत्तिभर नधकाउनु अर्को अझ नरमाइलो आश्चर्य जो बनिरहेकै छ ! सभ्य र श्लील विश्व-मान्यताको पृष्ठपटमा राखेर त्यो घटनाको सम्पूर्ण परिवृत्त स्मरण गर्दा 'लाज'-का सबै अवयव उनैको पाषाण हिटलरी स्वभाव र मनोभावमा एकाकार भएर लजाइरहेका अनुभूति अहिलेसम्म मात्र किन, तिनका अन्तर्य मसिनो गरी छिन्किँदा, भविष्यसम्म पनि अटुट अनुभूत भइरहने, सयौंमध्ये एउटा, विशेष उल्लेख्य विषय बनेर रहेको छ !

यो टिप्पणीमा जनमनको अभ्यन्तरका कुराहरु हुबहु उल्लेख भएको छैन । किनभने, अहिले पनि खड्गप्रसाद ओलीको नक्कली, छली र मनिहारी ढबको श्रेष्ठता (?) प्रतिष्ठापनमा महेश बस्नेत, विष्णु रिमाल, सूर्य थापा, पद्म अर्याल, रामकुमारी झाँक्री, ज्योति मगरदेखि बलात्कारको आरोप खेपिरहेका ऐन महर आदि जस्ता स्वार्थन्ध भक्तहरु, इण्डियन कुवैद्यले गलत ओखति बेचेको भावनात्मक शैलीमा, राजनीतिक कर्त्तव्यका हकमा पत्रु वक्तव्यका गुलेली हान्न निर्लज्ज उद्यत छँदैछन् । तिनका खोपडीमा पनि सचेतना अवश्य फुर्ला भनेर, छिनोफानो कुरा भन्नका लागि पर्खिनु परेको छ ।

पर्खाइ यतिको मात्र छैन । पाँचरपाँच पटक देशको प्रधानमन्त्री भइसकेको व्यक्ति पनि आˆ नी 'रानी' समेतका अवाञ्छित कर्तुतकृत हीनभावले लत्रेर विदेशको शरणमा छन् । ती कहिले र कसरी स्वदेश फर्किने हुन् कि होइनन्, त्यो पनि कुर्नु छ ! र, वर्तमानको अल्लारेबहुल सरकारले कहिलेदेखि परिपक्व भई उसलाई प्राप्त विशालाकार जन-समर्थनको आभ्यासिक इज्जत र कदर गर्ने क्षमता देखाउन थाल्ला ? कि मौनताको दुर्वोधगम्यतामै समयको अपव्यय गर्दै पदीय अवधि गुजार्ला ? पर्खनु छ ।' आजलाई यत्ति नै'। (घटना र विचारबाट)

# दमक-काठमाडौं सरोकार समाजको नयाँ समिति

**दमक/** दमक-काठमाडौं सरोकार समाजको नयाँ कार्यसमिति गठन गरिएको छ । नवगठित कार्यसमितिको कार्यकारी अध्यक्षमा प्रज्ज्वल कार्की चयन भएका छन् । चौथो अधिबेशनले समितिको उपाध्यक्षमा ज्योति केसी, कोषाध्यक्षमा गीता कोइराला भट्टराई, महासचिवमा युवराज खत्री तथा सचिवमा जगदीश आचार्यलाई चयन गरेको जनाइएको छ । त्यस्तै, कार्यसमिति सदस्यहरूमा सिसम बजगाई, सिमा सिंह, श्वेता घिमिरे, विजय पोखरेल, सूर्य विक, विवेक भट्टराई, राजेश प्रसाई र विश्वराज अधिकारी रहेका छन्। । नयाँ कार्यसमितिले समाजलाई थप सक्रिय र प्रभावकारी बनाउँदै दमक र काठमाडौंबीचको सामाजिक सम्बन्धलाई सुदृढ बनाउन काम गर्ने अपेक्षा गरिएको छ ।



# घरघरमा रोपियो तुलसीको बिरुवा



**झापा**/शनिबार हरिशयनी एकादशीका अवसरमा देशभरका हिन्दु धर्मावलम्बीहरूले बिहानैदेखि आफ्ना घर-आँगनमा तुलसीको बिरुवा रोपेर विधिपूर्वक पूजा-आराधना गरेका छन् । वैदिक परम्पराअनुसार हरिशयनी एकादशीका दिन तुलसी रोपण गर्नु अत्यन्त शुभ मानिन्छ । स्नान, शुद्धीकरण तथा वैदिक विधिअनुसार पूजा सम्पन्न गरी घर-घरमा तुलसीको बिरुवा रोप्ने र त्यसलाई दैनिक रूपमा जल अर्पण, मलजल तथा पूजा-आराधना गर्दै संरक्षण गर्ने धार्मिक परम्परा रहिआएको छ ।

धार्मिक मान्यताअनुसार हरिशयनी एकादशीदेखि भगवान् विष्णु चार महिनाका लागि योगनिद्रामा प्रवेश गर्नुहुन्छ । यस अवधिलाई चातुर्मास भनिन्छ । चातुर्मासभर तुलसीको नियमित पूजा गर्ने र कार्तिक शुक्ल एकादशी (हरिबोधिनी एकादशी) का दिन तुलसीको विशेष पूजा तथा तुलसी विवाह सम्पन्न गर्ने परम्परा रहेको छ । सनातन हिन्दु संस्कृतिमा तुलसीलाई पवित्र, औषधीय तथा भगवान् विष्णुलाई अत्यन्त प्रिय वनस्पतिको रूपमा सम्मान गरिन्छ। घरमा तुलसी रोपेर नियमित पूजा गर्दा सुख, शान्ति, समृद्धि र सकारात्मक ऊर्जा प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

# करेन्ट लागेर सशस्त्र प्रहरीको मृत्यु

**दमक/** पाडाजुंगीस्थित सशस्त्र प्रहरी वल नं ३८ रिजर्व गणमा कार्यरत सशस्त्र प्रहरी जवानको करेन्ट लागेर मृत्यु भएको छ ।

गणमा कार्यरत करिब ३० वर्षीय जवान सुदिम खत्रीको करेन्ट लागेर मृत्यु भएको हो । ईटहरी उप महानगरपालिका १३ बस्ने खत्री गणभित्र विद्युत लाइन बनाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । उनलाई तत्काल उपचारका लागि दमकस्थित आम्दा अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए । गणको लापरवाहीका कारण मृत्यु भएको भन्दै मृतकका आफन्तले विरोध जनाएका प्रहरीले जनाएको छ ।


**कमल गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
तोपगाछी झापाको

## सार्वजनिक सडक संरक्षण तथा सचेतना सम्बन्धीको सार्वजनिक सूचना

कमल गाउँपालिकाले सार्वजनिक सडकको संरक्षण, सुरक्षा तथा सर्वसाधारणको हितलाई ध्यानमा राखी सबै ट्र्याक्टर धनी, चालक तथा किसानहरूलाई देहायका विषयहरू अनिवार्य रूपमा पालना गर्न अनुरोध गर्दछ ।

१. खेतमा काम सम्पन्न भएपछि ट्र्याक्टरलाई सार्वजनिक सडकमा ल्याउनुअघि टायर, रोटाभेटर वा हलोमा लागेको हिलो तथा माटो पूर्ण रूपमा सफा गर्नुपर्छ ।

२. सडकको कालोपत्रे वा किनार भत्किने गरी जथाभावी तथा असुरक्षित तरिकाले ट्र्याक्टर चढाउने वा ओराल्ने कार्य पूर्ण रूपमा बन्द गर्नुपर्छ ।

३. प्राविधिक वा अन्य कारणले सडकमा हिलो खसेमा सम्बन्धित ट्र्याक्टर धनी, चालक वा किसानले तत्काल सफा गर्नुपर्नेछ ।

४. सार्वजनिक सडकमा हिलो, माटो वा अन्य सामग्रीका कारण सडक चिप्लो भई दुर्घटनाको जोखिम सिर्जना हुने कुनै पनि कार्य गर्न पाइने छैन ।

५. सार्वजनिक सडक तथा सरकारी सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको साझा दायित्व हो । सबैले जिम्मेवारीपूर्वक सडकको संरक्षणमा सहयोग गर्नुहोस् ।

*उल्लेखित निर्देशनको पालना नगरी सार्वजनिक सडकमा क्षति पुऱ्याएको, हिलोसहित ट्र्याक्टर गुडाएको वा सडक संरचना बिगारेको पाइएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको प्रचलित कानुनबमोजिम कारबाही तथा जरिवाना गरिनेछ ।*




# साप्ताहिक राशिफल

## साउन १० गते आइतबारदेखि साउन १६ गते शनिबारसम्म



**ज्यो. दुर्गाप्रसाद भण्डारी**

**मेष** (चू,चे,चो,ला,लि,लू,ले,लो,अ) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो) साताको प्रारम्भमा लामो समयदेखि मनमा रहेको उद्देश्यलाई स्पष्ट रूप दिन अनुकूल वातावरण बन्नेछ। टाढाको योजना, अध्ययन वा अनुभव सम्बन्धित विषयले विशेष प्राथमिकता पाउनेछन् । साताको मध्यतिर अनुभवी व्यक्तिसँगको भेटघाटले सोच्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। साताको अन्त्यतिर वैवाहिक मधुरता बढ्नेछ भने दाम्पत्य जीवनमा आपसी समझदारी कायम रहनेछ । पारिवारिक सहयोगले आत्मविश्वास बढ्नेछ। स्वास्थ्य सामान्यतया राम्रो रहने भए पनि खानपान र आराममा ध्यान दिनु उचित हुनेछ। बिहीबार भगवान् विष्णुलाई तुलसी अर्पण गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गुलाबी र सेतो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा) साताको प्रारम्भमा जिज्ञासा र सिक्ने इच्छाले समयलाई उपलब्धिमूलक बनाउनेछ। नयाँ विषय बुझ्ने, सीप बढाउने वा विचार आदानप्रदान गर्ने अवसर प्रशस्त रहनेछन्। बोलेको शब्दले राम्रो प्रभाव पार्ने भएकाले संवादमा स्पष्टता कायम राख्नु उपयुक्त हुनेछ। कुनै महत्त्वपूर्ण सूचना वा सन्देशले तपाईंको आगामी योजना परिवर्तन गर्न सक्छ। मध्य सातातिर लेखन, अध्ययन वा प्रस्तुतीकरणसँग सम्बन्धित कार्यमा विशेष सफलता प्राप्त हुनेछ। प्रेम सम्बन्ध सबल रहन्छ। आपसी विश्वास बढ्नेछ। मनका कुरा व्यक्त गर्न सहज होला। साताभरी गणेशजीलाई दूबो र जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग हरियो र फिक्का पहेँलो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डु,डे,डो) साताको प्रारम्भमा आफ्ना भावना र जिम्मेवारीबीच सन्तुलन कायम राख्न सक्नु नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ । घरको वातावरणलाई व्यवस्थित बनाउन तपाईंको भूमिका महत्त्वपूर्ण बन्नेछ। नजिकका व्यक्तिको विश्वास जित्ने अवसर प्राप्त हुनेछ। पहिलाका अनुभवले अहिले सही निर्णय लिन सहयोग गर्नेछन्। मध्य सातातिर घर, जमिन वा पारिवारिक व्यवस्थापनसँग सम्बन्धित विषयमा ध्यान दिनुपर्ने हुन सक्छ। आफ्ना प्रियजनका लागि गरेको सानो प्रयासले ठूलो खुसी ल्याउन सक्छ। साताभरी मनमा शान्ति र सन्तोषको अनुभूति हुने योग रहेको छ। साताभरी भोलेनाथको आराधना गरी ॐ नमः शिवाय मन्त्र जप गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हल्का निलो हो भने शुभ अंक २ र ८ रहेको छ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे) साताको अधिकांश समय राम्रो रहेकोले सकारात्मक सोचको विकास हुनेछ भने नयाँ प्रविधिको प्रयोग गरी समय अनुसार अपडेट हुन सकिनेछ । कामको खोजिमा हुनेहरूले नयाँ काम पाउने तथा गरिरहनेहरू बढुवा हुन सक्ने योग रहेको छ । लामो समयदेखि रोकिएका कामहरू बन्नुको साथै गरिरहेको कामबाट मनग्गे आम्दानी हुनेछ । समाजमा तारिफयोग्य काम गरी नाम कमाउन सकिनेछ भने सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्नेछ । व्यापार, शेयर बजार तथा औद्योगिक क्षेत्रमा लगानी गरी थोरै भए पनि नाफा कमाउन सकिनेछ । आफन्त तथा जीवनसाथीको साथ पाइने हुनाले मन प्रसन्न हुनेछ । उच्च शिक्षाको लागी लामो दुरीको यात्रा हुनेछ । व्यापार तथा शेयर बजारमा लगानी गर्ने समय रहेको छ । घरायसी सुख सुविधा भरपुर मात्रामा प्रयोग गर्न पाइनेछ । साताको सुरु अर्थात आइतबार यात्रा गर्दा, सवारी साधन तथा घरायसी औजारहरूको प्रयोग गर्दा ध्यान दिनुहोला ।

**कन्या** (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) साताको प्रारम्भमा व्यवस्थित योजना र सूक्ष्म विश्लेषणले तपाईंलाई अरूभन्दा एक कदम अगाडि राख्नेछ। अधुरा कागजी काम, हिसाब किताब पूरा गर्ने योग साताभरी रहिरहनेछ। साताको मध्यमा अनुभवभन्दा पनि तयारीले राम्रो परिणाम दिलाउनेछ। दैनिक कार्यतालिकामा सुधार ल्याउँदा कामको चाप सहज रूपमा सम्हाल्न सकिनेछ। आफ्नो सीपलाई अझ निखार्ने अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा मन हलुका हुने गरी कुनै पुर ।नो जिम्मेवारीबाट मुक्त हुने अवस्था बन्न सक्छ। दुर्गामाताको आराधना गरेर कार्य थालनि गर्दा कार्यसफल हुनेछ। यो साताको शुभ रंग हरियो र पहेलो हो भने शुभ अंक १ र ३ रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते) तपाईंको व्यक्तित्व र नेतृत्व क्षमताले यो साता विशेष प्रभाव छोड्नेछ। अरूले पन्छिएका जिम्मेवारी तपाईंले सफलतापूर्वक सम्हाल्न सक्ने अवस्था बन्नेछ। आफ्नो निर्णयमा दृढ रहँदा सम्मान र विश्वास दुवै बढ्नेछ। मध्य सातातिर नयाँ लक्ष्य निर्धारण गर्ने प्रेरणा मिल्नेछ। प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त हुनेछ। हरेक काममा धैर्य र आत्मविश्वासको सन्तुलन कायम राख्न सके राम्रो उपलब्धि हात पर्नेछ। प्रतिष्ठासँग जोडिएका विषयमा सकारात्मक परिवर्तन देखिने योग रहेको छ।आइतबार सूर्यलाई तामाको पात्रबाट जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग निलो र रातो हो भने शुभ अंक १ र ७ रहेको छ।

**वृश्चिक**(तो,ना,नी,नू,ने,नो,या,यी,यू) साताको समय राम्रो रहेकोले शुभ चिन्तकहरूको सहयोग तथा सद्भाव पाइने हुनाले समयमा नै कामहरू सम्पन्न हुनेछन् । रमाइलो तथा पारिवारिक माहौलमा दिन बित्नेछ भने मिष्ठान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ । व्यापार, शेयर बजार तथा उद्योगमा सानो लगानीबाट पनि धन आर्जन गर्न सकिनेछ । अध्ययनमा तपाईंको नाम अग्र स्थानमा आउनेछ । भौतिक साधन स्रोत तथा उपकरण जुट्नाले दैनिक काम गर्न सहज हुनेछ । प्रेम तथा मित्रताको बन्धन कसिलो भएर जानेछ । प्रशासनिक क्षेत्रमा तपाईंको वर्चस्व रहनेछ भने सामाजिक उत्तरदायित्व बहन गर्ने समय रहेको छ । धार्मिक प्रतिष्ठान तथा मन्दिर तिरको यात्रा गरी टीका तथा प्रसाद ग्रहण गर्ने अवसर जुर्नेछ । लामो दुरीको शैक्षिक तथा धार्मिक यात्राको प्रबल सम्भावना रहेको छ । भाग्यले साथ दिने हुँदा थोरै लगानीबाट पनि प्रशस्त रुपैयाँ पैसा कमाउन सकिने तथा आर्थिक रूपमा सबल हुने ग्रहयोग रहेको छ ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे) साताको प्रारम्भमा धैर्य र व्यवहारिक सोचले विशेष लाभ दिलाउनेछ। आफ्नो लक्ष्यमा दृढ हुनुहुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुनेछ। सुरुवात गरेको नयाँ कार्यमा सफलता मिल्नेछ। आफ्नो आत्मविश्वास बढ्दै जानाले मनमा शाान्ति मिल्नेछ। आर्थिक पक्ष बलियो रहनेछ। आयआर्जन बढ्नेछ। खर्च नियन्त्रणमा रहनेछ। बचत गर्ने अवसर मिल्नेछ। आफ्नो समय, धन र जिम्मेवारीलाई व्यवस्थित गर्न सफल हुँदा आत्मसन्तुष्टि बढ्नेछ। घरायसी आवश्यकताका विषयमा गरेको निर्णय दीर्घकालसम्म उपयोगी बन्न सक्छ। मध्य सातातिर जीवनशैलीमा सानो परिवर्तनले ठूलो सहजता ल्याउन सक्छ। यो साता लक्ष्मिमातालाई सेतो फूल अर्पण गरी घ्यूको दीप बाल्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ४ र ६ रहेको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी) साताको प्रारम्भमा अनुशासन र निरन्तरताको परीक्षा हुने समय रहनेछ। अरूले नदेखेका साना कामलाई पनि जिम्मेवारीपूर्वक पूरा गर्दा ठूलो उपलब्धिको आधार तयार हुनेछ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ। साताको मध्यमा पुरानो अनुभवले कठिन निर्णयलाई सहज बनाउन मद्दत गर्नेछ। भाग्यले साथ दिने योग साताभरीनै रहनेछ। रोकिएका काम पूरा हुनेछन्। प्रेम सम्बन्धमा विश्वास र आत्मीयता बढ्नेछ। परिवारमा खुसीको वातावरण रहनेछ। स्वास्थ्यप्रति सचेत रहँदा दिन अझ सुखद रहनेछ। साताको अन्त्यमा आफुले गरेको मेहनतको मूल्य प्राप्त गर्ने अवसर मिल्नेछ। शनिबार पीपलको रुखमा जल अर्पण गरी दीप प्रज्वलन गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गाढा निलो र खैरो हो भने शुभ अंक १ र ४ रहेको छ।

**कुम्भ** (गू,गे,गो,सा,सी,सू,से,सो,दा) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची) साताको प्रारम्भमा कला, साहित्य, संगीत वा आध्यात्मिक विषयमा रुचि अझ गहिरो बन्न सक्छ। समयको सदुपयोगले ठूलो उपलब्धि दिलाउनेछ। आर्थिक उन्नतिको संकेत देखिन्छ। नयाँ काम सुरु गर्न अनुकूल समय रहनेछ। स्वास्थ्य सबल रहनेछ। परिवारबाट प्रेरणा प्राप्त हुनेछ। साताको मध्यमा सेवा, सहयोग वा परोपकारसँग सम्बन्धित कामले आत्मिक सन्तुष्टि दिलाउन सक्छ। साताको अन्त्यमा एकान्तमा बिताएको केही समयले मनलाई शान्त र ऊर्जावान बनाउनेछ। माता पार्वतीको आराधना र प्रार्थना गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग पहेँलो शाही निलो हो भने शुभ अंक ४ र ८ रहेको छ।

समयसामयिक

# साउनमा किन काट्नु हुँदैन कपाल ?

साउनको महिनामा कपाल काट्नुहुन्न भन्ने परम्परागत मान्यता छ । तपाइले पनि यो महिनामा कपाल काट्नु हुँदैन भनेको त अवश्य पनि सुन्नु भएको होला । बुढापाकाले आज यो बार कपाल काट्नु हुँदैन, आज जन्म बार कपाल काट्नु हुँदैन भनेझैं साउनको महिनामा पनि कपाल काट्नु हुँदैन भनेको त प्रायः धेरैले सुनेका छौं । तर पछिल्लो पुस्ताले यसलाई बेवास्ता गर्ने गरेको पाइन्छ । आज हामी यसैका बारेमा चर्चा गर्नेछौं ।

शास्त्रीय मान्यताअनुसार साउनभरि भगवान् विष्णु आफ्नो कुटीमा आराम गर्न बस्छन् । उनी आराम गर्न बसेको बेला कपाल काट्न हुँदैन । कपाल काट्ने कार्य शुभ कर्म भएकाले पनि भगवान् विष्णु सुतेका बेला शुभ कर्म गर्न नहुने मान्यता रहेको ज्योतिषहरू बताउँछन् ।

त्यसतै, शताब्दीयौंअघि पर्याप्त प्रकाश, सुरक्षित उपकरण र सीपको अभाव हुँदा कपाल काट्दा चोटपटक लाग्ने खतरा हुने गरेको पौराणिक मान्यता छ ।

साउन महिनामा धेरै पानी पर्ने हुँदा यस्तो बेला कपाल काट्दा संक्रमण हुन सक्ने र चोटपटक वा घाउ हुने खतरा रह्यो । उक्त घाउमा पानी पर्दा इन्फेक्सन र पिप आउन सक्छ । साउन वर्षाको मौसम हो र यस समयमा कुनै पनि चोट वा घाउ छालामा संक्रमण हुन सक्छ। यही कारण साउनमा कपाल काट्न निषेध गरिएको पछिल्ला पुस्ताहरू विश्लेषण गर्छन् । यो महिनामा विष्णुको भजन, कीर्तन गर्ने र हरियो लगाउने परम्परा छ, यो महिनामा कपाल काट्दा बिरामी परिन्छ भन्ने धार्मिक परम्परा छ ।

साभार : प्रभात खबर

# बालबालिकालाई जोगाउन आफैं बन्नु होस सचेत

बालबालिकाले मोबाइल वा अन्य डिजिटल उपकरण धेरै प्रयोग गर्नु चिन्ताको विषय बन्दै आएको छ । तर नयाँ अध्ययनले समस्या बालबालिकाको मात्र नभई आमाबुबाको स्क्रिन प्रयोग पनि उनीहरूको मानसिक र भावनात्मक विकासका लागि हानिकारक हुन सक्ने देखाएको छ ।

हालै प्रकाशित एक अध्ययनअनुसार, आफ्ना आमाबुबा सधैं मोबाइल वा अन्य डिजिटल उपकरणमा व्यस्त रहने महसुस गर्ने बालबालिकामा असुरक्षित भावनात्मक सम्बन्ध विकसित हुने सम्भावना बढी हुन्छ । यसले उनीहरूको आत्मविश्वास, सामाजिक सम्बन्ध र भावनात्मक स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्ने अनुसन्धानकर्ताहरूले बताएका छन् ।

यो अध्ययन फ्रन्टियर्स इन साइकोलोजी नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको छ । अनुसन्धानको क्रममा अमेरिकाका १२ देखि १७ वर्ष उमेर समूहका करिब ६०० किशोरकिशोरीको सर्वेक्षण गरिएको थियो । अध्ययनमा सहभागी धेरै किशोरकिशोरीले आमाबुबासँग समय बिताउँदा पनि उनीहरू मोबाइलमा व्यस्त हुने, आफूलाई बेवास्ता गरिएको वा प्राथमिकतामा नराखिएको महसुस हुने बताएका थिए ।



अमेरिकन साइकोलोजिकल एसोसिएसनका मनोवैज्ञानिक तथा फेलो डन ग्रान्टका अनुसार यस्तो अवस्थाले बालबालिकामा असुरक्षित भावनात्मक सम्बन्ध विकास गर्न सक्छ । यसको प्रभावले भविष्यमा उनीहरूको आत्मविश्वास कमजोर हुने, घनिष्ठ सम्बन्ध बनाउन कठिनाइ हुने तथा व्यक्तिगत वा व्यावसायिक सफलताका लागि आवश्यक जोखिम लिन हिच्किचाउने अवस्था सिर्जना हुन सक्छ ।

अनुसन्धानले "टेक्नोफेरेन्स" भन्ने अवधारणालाई पनि जोड दिएको छ । यसको अर्थ, आमनेसामने कुराकानी वा पारिवारिक समयका क्रममा मोबाइल वा अन्य डिजिटल उपकरणले सम्बन्धमा अवरोध सिर्जना गर्नु हो । यसअघि यस्तो प्रभाव वयस्कहरूको सम्बन्धमा बढी अध्ययन गरिएको भए पनि यसपटक बालबालिका र किशोरकिशोरीमा यसको असरलाई विशेष रूपमा विश्लेषण गरिएको छ ।

अध्ययनले आमाबुबा र बालबालिकाको दृष्टिकोणमा पनि ठूलो अन्तर रहेको देखाएको छ । सन् २०२४ को प्यू रिसर्च सेन्टरको तथ्यांकअनुसार करिब आधा अमेरिकी किशोरकिशोरीले आफ्ना आमाबुबा कुराकानीका बेला मोबाइलका कारण ध्यान भंग हुने बताएका छन् । तर धेरैजसो आमाबुबाले भने आफूहरूको यस्तो बानी नियमित समस्या हो भन्ने स्वीकार गरेका छैनन् ।


ॐ मेची अस्पताल दमकमा

वरिष्ठ प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरुको सेवा

डा. निरञ्जनसिंह बोगटी
प्रत्येक आइतबार, मंगलबार र बिहीबार

डा. शंकरप्रसाद हुजदार
प्रत्येक सोमबार बुधबार र शनिबार

समय : बिहान ८ बजेदेखि १२ बजेसम्म

ॐ मेची अस्पताल
दमक-७,झापा

नोट : नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम चालु रहेको जानकारी गराइन्छ ।


cGt/fli6o

# फिफा विश्वकप २०२६ का उत्कृष्ट खेलाडी मेस्सी



अन्तर्राष्ट्रिय खेल पत्रकार महासंघ (एआईपीएस) ले अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीलाई फिफा विश्वकप २०२६ को उत्कृष्ट खेलाडी घोषित गरेको छ । विश्वभरका १२१ देशका ४७२ खेल पत्रकारको सहभागितामा गरेको मतदानको आधारमा मेस्सीले उत्कृष्ट खेलाडी घोषित भएको एआईपीएस एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले बताए ।

जसमा मेस्सीले कुल एक हजार १७९ अंक प्राप्त गर्दै फ्रान्सका किलियन एम्बाप्पे (७१७ अंक) र इङ्ल्यान्डका जुड बेलिंघम (४७० अंक) लाई पछि पारेका थिए।

एआईपीएसले आयोजना गरेको मतदानमा एआईपीएस कार्डधारी खेल पत्रकारहरू तथा एआईपीएस विश्वकप हटलाइन कार्यक्रममा सहभागी विश्वभरका पत्रकारहरू मतदाता रहेका थिए। उनीहरूले विश्वकपका उत्कृष्ट तीन खेलाडीलाई प्राथमिकताको आधारमा छनोट गरेका हुन्।

मतदान प्रणालीअनुसार पहिलो स्थानका खेलाडीले पाँच अंक, दोस्रो स्थानले तीन अंक र तेस्रो स्थानले एक अंक प्राप्त गरेका थिए। जुलाई १३ मा सार्वजनिक गरिएको अन्तिम सूचीमा २० खेलाडी समावेश थिए ।

विश्वभरका खेल पत्रकारहरूको मतका आधारमा लियोनल मेस्सीलाई फिफा विश्वकप २०२६ को एआईपीएस उत्कृष्ट खेलाडी घोषित गरिएको हो।

**लियोनल मेस्सी**

उनन्चालीस वर्षीय मेस्सी विश्वकपको इतिहासमा ६ संस्करण खेल्ने तीन खेलाडीमध्ये एक बन्दै २०२६ को विश्वकपमा सहभागी भएका थिए। लगातार दोस्रो विश्वकप उपाधिबाट उनी एक जितले मात्र टाढा रहे पनि उनले आफ्नो उमेरलाई चुनौती दिने अद्भुत प्रदर्शनमार्फत विश्व फुटबललाई फेरि एकपटक मोहित बनाउन सफल भए ।

विश्वकपको फाइनलमा स्पेनसँगको हारपछि मेस्सी निकै भावुक बनेका थिए। अर्जेन्टिनी समर्थकहरूले उनको नाम गुञ्जाइरहँदा उनी आँसुमा डुबेका थिए । उनले सोमबार इन्स्टाग्राममार्फत भनेका थिए, 'यो पीडा असाध्यै ठूलो छ। यो घाउ निको हुन समय लाग्नेछ। तर हामीले अन्तिमसम्म दिएको संघर्ष, असम्भवजस्ता खेललाई जितमा बदल्दै सिर्जना गरेका अविस्मरणीय क्षणहरूलाई म सधैं सम्झिरहनेछु।'

सन् २०२६ को विश्वकपमा अर्जेन्टिनी टोलीका प्रशिक्षक लियोनेल स्कालोनीको टोलीका लागि मेस्सी वास्तविक धड्कन बने। विशेषगरी निर्णायक क्षणहरूमा उनले टोलीलाई नेतृत्व प्रदान गरे। आठ खेलमा आठ गोल र चार असिस्ट गर्दै उनले अर्जेन्टिनालाई फाइनलसम्म पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेलेका थिए।

अर्जेन्टिनाले प्रतियोगिताभर कठिन अवस्थाबाट खेललाई आफ्नो पक्षमा पार्ने र अतिरिक्त समयमा संघर्ष गरेर जित निकाल्ने कला प्रदर्शन गरेको थियो, जसको केन्द्रमा मेस्सी नै थिए ।

**ऐतिहासिक कीर्तिमानहरू**

मेस्सीले २०२६ को विश्वकपपछि आफ्नो नाममा अनेकौं कीर्तिमान थपेका छन्। पुरुष र महिला दुवै विश्वकपलाई समेट्दा उनी विश्वकप इतिहासका दोस्रो सर्वाधिक गोलकर्ता बनेका छन्। विश्वकपमा उनको कूल गोल संख्या २१ पुगेको छ भने किलियन एम्बाप्पेको २२ गोल रहेको छ ।

त्यस्तै विश्वकप इतिहासमा सर्वाधिक १२ असिस्ट गर्ने खेलाडी पनि उनी नै हुन्। उनको नाममा थुप्रै कीर्तिमानहरू पनि छन्। उनी विश्वकपमा सर्वाधिक ३४ खेल खेल्ने, विश्वकपमा सर्वाधिक २३ खेल जित्ने, नकआउट चरणमा सर्वाधिक १७ खेल खेल्ने, लगातार नौ विश्वकप खेलमा गोल गर्ने कीर्तिमान तथा किशोरावस्था २० र ३० को दशकमा विश्वकपमा गोल गर्ने एकमात्र खेलाडी हुन्।

६ पटकको विश्वकप यात्रामा मेस्सीले अर्जेन्टिनालाई तीन पटक फाइनलमा पुर्‍याएका छन्। अर्जेन्टिनाले सन् २०२२ मा विश्वकप जित्दा मेस्सीले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए । विश्वकपमा एकभन्दा बढी पटक गोल्डेन बल जित्ने उनी एकमात्र खेलाडी हुन्। यस पटक (२०२६) को विश्वकपमा उनले सिल्भर बल पुरस्कार प्राप्त गरेका थिए ।

# शिक्षा मन्त्रीको राजीनामा

**एजेन्सी**/ भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले 'एनइइटी-युजी २०२६' को प्रश्नपत्र चुहावटसम्बन्धी विवादपछि शनिबार (२५ जुलाई) पदबाट राजीनामा दिएका छन् । प्रधानले मन्त्रिपरिषद्बाट राजीनामा दिएपछि भारतमा आन्दोलनरत ककोच जनता पार्टी (सिजेपी)ले आन्दोलन फिर्ता लिएको छ । सिजेपीले सरकारबाट अन्य मागहरू पनि समाधान गर्ने सरकारले आश्वासन दिएपछि जन्तरमन्तरमा ३७ दिनदेखि चलिरहेको आन्दोलन फिर्ता लिएको हो ।

राजधानीको संविधान क्लबमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सीजेपीका मुख्य प्रवक्ता सौरव दासले भनेका छन्, 'हामी सहमति भएका सर्तहरू सहमति भएका समयसीमाभित्र कार्यान्वयन हुनेछन् भन्ने बुझाइका साथ सिजेपीले सद्भावनामा आन्दोलन फिर्ता लिन्छ ।'

संविधान क्लबमा केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंहसँगको तेस्रो चरणको वार्तापछि सीजेपीले भनेको छ, 'केन्द्रीय सरकारले आत्महत्या गरेका नीट परीक्षाका आकांक्षीहरूका परिवारलाई उपयुक्त क्षतिपूर्ति दिने सहमति जनाएको छ र भारतभरका प्रदर्शनकारीहरूविरुद्ध दर्ता भएका मुद्दा (एफआईआर) फिर्ता लिने आश्वासन दिएको छ ।' सीजेपीले सरकारसमक्ष पाँच बुँदे मागपत्र प्रस्तुत गरेको छ र चार हप्तापछि अर्को चरणको वार्ता गर्नेछ ।

प्रवक्ता आशुतोष राङ्गाले भने, 'हामीले नीट परीक्षामा पीडित परिवारलाई एक करोड रुपैयाँ क्षतिपूर्ति मागेका थियौं । सरकारले यसमा सहमति जनाएको छ र भनेको छ कि नियम र विनियमअनुसार ती परिवारलाई सम्मानजनक क्षतिपूर्ति दिइनेछ। यसबाहेक हामीले सरकारसमक्ष पाँच बुँदे मागपत्र पनि राखेका थियौं, जसमा व्यापक शैक्षिक सुधार र परीक्षा सुधारको कुरा थियो । त्यो मागपत्रका बारेमा हामी करिब चार हप्तापछि फेरि सरकारसँग भेट्नेछौं ताकि व्यापक सुधारमा सँगै काम गर्न सकियोस् । यदि यी सबै माग सरकारलाई स्वीकार्य भएपछि हामी आन्दोलन पनि फिर्ता लिनेछौं ।'

# शिवसताक्षी उवाससंघमा सर्वसम्मत नेतृत्व



**शिवगञ्ज/** झापाको शिवसताक्षी उद्योग वाणिज्य संघमा पहिलोपटक नेतृत्व सर्वसम्मत चयन भएको छ । तत्कालीन सतासीधाम उद्योग वाणिज्य संघ र शिवगञ्ज उद्योग वाणिज्य संघको एकीकरणपछि गठन भएको संघमा पहिलोपटक सबै पदाधिकारी–सदस्य सर्वसम्मत चयन भएका हुन् ।

निर्वाचन कार्यतालिकाअनुसार शनिबार निर्वाचन समितिले सम्पूर्ण प्रक्रिया पूरा गरी निर्वाचित पदाधिकारी तथा सदस्यहरूको नामावली सार्वजनिक गरेको थियो । सबै पदमा एकल उम्मेदवारी परेपछि सोही नामावलीलाई निर्वाचित भएको घोषणा गरिएको निर्वाचन समितिले जनाएको छ ।

सर्वसम्मत निर्वाचित कार्यसमितिको अध्यक्षमा अग्निप्रसाद दुलाल छन्। त्यस्तै वरिष्ठ उपाध्यक्षमा भोजराज ढकाल, उद्योग उपाध्यक्षमा सुबोधकुमार शाह, वाणिज्य उपाध्यक्षमा तेजनाथ घिमिरे, महासचिवमा विनोद सापकोटा, उद्योग सचिवमा कमल विक, वाणिज्य सचिवमा जितेन्द्रकुमार शाह र कोषाध्यक्षमा खनिमाया श्रेष्ठ निर्वाचित भएका छन् ।

त्यसैगरी, खुला सदस्यमा मनबहादुर श्रेष्ठ, युवराज थापा, अशोक बस्नेत, लीलाबहादुर जोशी, प्रेमध्वज जबेगु र धनकुमार ढकाल तथा महिला सदस्यमा सीता बाँस्कोटा र सरस्वता श्रेष्ठ सर्वसम्मत निर्वाचित भएको निर्वाचन समितिका संयोजक सुमन काफ्लेले जानकारी दिए ।

निवर्तमान अध्यक्ष यामनाथ काफ्लेले दुई संस्थाको एकीकरणपछि पहिलो कार्यसमिति नै सर्वसम्मत चयन हुनु संघको संस्थागत परिपक्वता, व्यवसायीबीचको विश्वास र एकताको दर्बिलो प्रमाण भएको प्रतित्रिया दिएका छन् । उनले नयाँ नेतृत्वले उद्योगी–व्यवसायीका साझा हितको संरक्षण गर्दै नगरको आर्थिक विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । संघको नेतृत्व सम्हाल्ने जिम्मेवारी पाएका अग्निप्रसाद दुलाल शिवसताक्षी नगरपालिका–११, दुधेका स्थापित हार्डवेयर व्यवसायी हुन् । लामो समयदेखि व्यवसाय क्षेत्रमा सक्रिय उनी इमान्दार, कर्तव्यनिष्ठ र शालीन व्यवसायीका रूपमा परिचित छन् । व्यवसायसँगै सामाजिक क्षेत्रमा समेत सक्रिय दुलालले लायन्स क्लब अफ शिवसताक्षीको अध्यक्षको जिम्मेवारी पनि निर्वाह गरिसकेका छन् ।

# डि. कौडिन्य स्मृति पत्रकारिता पुरस्कार तिम्सिनालाई

**विर्तामोड/** 'देवकुमार आचार्य ( डि. कौडिन्य) स्मृति पत्रकारिता पुरस्कार-२०८३' बाट पत्रकार चुडामणि तिम्सिना (सीएम) सम्मानित भएका छन् । प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति झापाद्वारा बिहीबार बिर्तामोडमा आयोजित पुरस्कार वितरण समारोहमा कोशी प्रदेश सभा सदस्य तथा नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका नेता इन्द्र आङ्वो (मौसम) ले पत्रकार तिम्सिनालाई नगद ४२ हजार रुपैयाँ र सम्मानपत्रसहित पुरस्कार प्रदान गरे ।

सोही अवसरमा स्वर्गीय देवकुमार आचार्य (डि. कौडिन्य) की धर्मपत्नी यमुना आचार्य तथा पुरस्कृत पत्रकार तिम्सिनाकी धर्मपत्नी सुनिता खरेल तिम्सिनालाई पनि सम्मान गरिएको थियो ।

२०५८ सालको संकटकालमा क्याम्पसबाट प्रकाशित 'क्रान्तिकारी आवाज' भित्तेपत्रिकामार्फत पत्रकारिता यात्रा सुरु गरेका तिम्सिना हाल प्रेस सेन्टर नेपालका पूर्व कोशी प्रदेश सदस्य, जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य तथा प्रेस क्लब सुरुडाका उपाध्यक्ष हुन्। जनपक्षीय मुद्दा, श्रमजीवी पत्रकारिता र सामाजिक सरोकारका विषयमा उनले पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई यस वर्षको पुरस्कार प्रदान गरिएको हो ।

जनपक्षीय पत्रकार तथा लेखक देवकुमार आचार्य (डि. कौडिन्य) को २०५९ साल साउन ७ गते तत्कालीन शाही नेपाली सेनाद्वारा चारआली ब्यारेकमा हत्या भएपछि, उनको



योगदानको सम्मान र सम्झनामा प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति झापाले हरेक वर्ष साउन ७ गते यो पुरस्कार प्रदान गर्दै आएको छ । २०६३/०६४ सालमा तत्कालीन क्रान्तिकारी पत्रकार संगठनका अध्यक्ष तारामणि सापकोटाको कार्यकालमा ५ हजार रुपैयाँ राशिबाट सुरु गरिएको पुरस्कार अहिले बढेर ४२ हजार रुपैयाँ पुगेको हो ।

यस वर्षको पुरस्कारसँगै डि. कौडिन्य स्मृति पत्रकारिता पुरस्कार प्राप्त गर्ने पत्रकारको संख्या १४ पुगेको छ ।

पहिलो पटक यो पुरस्कार लीला बराल र दोश्रो पटक चन्द्र भण्डारीलाई प्रदान गरिएको थियो । त्यस्तै विमल लामिछाने, जिएन शर्मा, केशव भट्टराई, दिपिन राई, राजु पाठक, दिपक अधिकारी, लीलाराज झापाली, झुलन रेग्मी, डिकेश लामा र उद्धव पुरी यो पुरस्कारबाट सम्मानित भइसकेका छन्।

कार्यक्रममा प्रमुख अतिथि आङ्वो, समाजवादी प्रेस संगठनका केन्द्रीय उपाध्यक्ष तीर्थ सिग्देल, प्रेस सेन्टर नेपालका केन्द्रीय सचिव दिपिन राई, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष अम्बिका भण्डारी, कोशी प्रदेश सञ्चार प्रतिष्ठानका सदस्य अर्जुन राजवंशी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी तथा नेपाली कम्युनिष्ट पार्टीका झापा संयोजक खड्ग तिम्सिना (पवन) लगायतले शुभकामना व्यक्त गर्दै जनपक्षीय पत्रकारिता, प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिताको सुदृढीकरणमा यस्ता पुरस्कारले प्रेरणा थप्ने विश्वास व्यक्त गरेका थिए ।

प्रेस सेन्टर नेपाल झापाका अध्यक्ष पुष्पलाल खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष होमप्रकाश अधिकारी ले डि. कौडिन्यको जीवनी वाचन गरेका थिए ।

# पारिवारिक विवादमा पति पत्नीकै मृत्यु

**दमक/** दमक नगरपालिका वडा नं १ श्रीपाली चोकमा श्रीमान–श्रीमतीबीच भएको झै–झगडापछि भएको घटनामा दुवै जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार आज दिउँसो करिब २ बजे ४२ वर्षीय धनबहादुर दर्जी र उनकी ४२ वर्षीया श्रीमती विजयकुमारी दर्जीबीच सामान्य विवाद चर्किएर झै–झगडामा परिणत भएको थियो। सो क्रममा धनबहादुरले श्रीमती विजयकुमारी माथि खुकुरी प्रहार गर्दा उनको टाउको र बाँया हातमा गम्भीर चोट लागेको थियो ।

घटनापछि धनबहादुरले आˆनै घरको अर्को कोठामा सिलिङ पंखामा सलको पासो लगाएर आत्महत्याको प्रयास गरेका थिए। सो अवस्था उनकी २५ वर्षीया छोरी प्रियंका दर्जीले देखेपछि पासो काटेर उनलाई तल झारेकी थिइन् र तत्काल इलाका प्रहरी कार्यालय दमकमा खबर गरेकी थिइन् ।

सूचना प्राप्त हुनासाथ प्रहरी निरीक्षक प्रमोद खड्काको नेतृत्वमा खटिएको प्रहरी टोलीले दुवै घाइतेलाई तत्काल दमक अस्पताल पुर्‍याएको थियो। तर दिउँसो करिब ३:३० बजे अस्पतालमा चिकित्सकले परीक्षण गर्दा दुवै जनाको मृत्यु भइसकेको घोषणा गरेका थिए । प्रहरीले घटनासम्बन्धी आवश्यक कानुनी प्रक्रिया पूरा गरी शवलाई पोस्टमार्टमका लागि दमक अस्पतालमै राखिएको जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जापानीज इन्सेफ्लाइटिसबाट हल्दिवारीकी महिलाको मृत्यु

**दमक/** जापानीज इन्सेफ्लाइटिस रोगबाट झापा हल्दिवारीकी एक महिलाको मृत्यु भएको छ । हल्दिवारी -२ निवासी मोहन राजवंशीकी श्रीमती प्रमिला राजवंशीको जापानीज इन्सेफ्लाइटिस रोगबाट मृत्यु भएको हो । प्रादेशिक अस्पताल भद्रपुरमा उपचारका क्रममा आज उनको मृत्यु भएको जनाइएको छ । हल्दिबारी गाउँपालिका-२ कदमचोकमा व्यवसाय गर्दै आएकी नेपाली काङ्ग्रेसकी सक्रिय कार्यकर्तासमेत रहेकी राजवंशीलाई जापानीज इन्सेफलाइटिसको सङ्क्रमण पुष्टि भएपछि उपचारका लागि प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो ।

प्रमिलालाई दुई दिनअघि एक्कासि स्वास्थ्यमा गम्भीर समस्या देखिएको थियो। त्यसलगत्तै हल्दीबारी गाउँपालिका स्वास्थ्य शाखाको प्रत्यक्ष समन्वयमा उनलाई थप उपचारका लागि प्रादेशिक अस्पताल पुऱ्याइएको थियो । सेतो लामखुट्टेको टोकाइका कारण सो रोग लाग्ने गरेको छ ।

# हात्तीपाइले उन्मूलन अभियान लक्षित सर्वेक्षण

## ६०० जनाको नमुना संकलन, ११ जनामा पोजिटिभ



**तोपगाछी**/ हात्तीपाइले रोग विरुद्ध सञ्चालन गरिएको आम औषधि सेवन अभियानको प्रभावकारिता मूल्यांन गर्ने उद्देश्यले सञ्चालन गरिएको IDa\ Impact Survey–I (IIS–I) अन्तर्गत कमल गाउँपालिकामा समन्वय बैठकदेखि सर्वेक्षणसम्मका कार्यक्रम सञ्चालन गरिएका छन् ।

स्वास्थ्य कार्यालय झापाको समन्वयमा असार ३२ गते कमल गाउँपालिकाका वडा नं. २, ४ र ५ तथा साउन १ गते वडा नं. ६ र ७ मा वडा-स्तरीय समन्वय बैठक सम्पन्न गरिएको थियो । बैठकमा सम्बन्धित वडाका वडाअध्यक्ष, जनप्रतिनिधि, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी, सुरक्षा निकायका प्रतिनिधि, वडा सचिव तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका कार्यक्रम फोकल पर्सन तथा जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले सर्वेक्षणको उद्देश्य, कार्यविधि तथा नमुना संकलन प्रक्रियाबारे प्रशिक्षण तथा सहजीकरण गरेका थिए ।

साउन २ गतेदेखि कमल गाउँपालिकाका वडा नं. २, ४, ५, ६ र ७ मा स्वास्थ्यकर्मी, प्राविधिक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य कार्यालय झापाका कर्मचारी, तथा संकल्प परियोजनाका कर्मचारीहरू समुदायमै पुगेर रगतको नमुना संकलन गरी IDa\ Impact Survey-I सञ्चालन गरेका थिए ।

तीन दिनसम्म सञ्चालन भएको सर्वेक्षणमा प्रत्येक वडाबाट करिब १०८ जनाका दरले नमुना संकलन गरिएको थियो । कमल गाउँपालिकाभर ६०० भन्दा बढी रगतका नमुना संकलन गरी कमल नगर अस्पतालको प्रयोगशालामा परीक्षण स्वास्थ्य कार्यालय झापाका युबनाथ बरालले जानकारी दिए । हाल ११ जनाको पोजिटिभ रिपोर्ट देखिएको छ, परीक्षण प्रतिवेदन आउने क्रम जारी रहेको छ । परीक्षणमा संक्रमण पुष्टि भएका व्यक्तिका परिवारलाई हात्तीपाइले रोगविरुद्धको आम औषधि वितरण कार्यसमेत अघि बढाइएको छ ।

कार्यक्रम सञ्चालनमा सहारा नेपाल, फेयरमेड तथा संकल्प परियोजनाको महत्वपूर्ण प्राविधिक तथा व्यवस्थापकीय सहयोग रहेको छ भने स्वास्थ्य कार्यालय झापाले समग्र कार्यक्रमको नेतृत्व गरिरहेको छ ।

यस अवसरमा कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले हात्तीपाइले रोग उन्मूलन अभियानलाई सबैको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने बताउँदै कमल गाउँपालिकालाई हात्तीपाइले रोगमुक्त गाउँपालिका बनाउने प्रतिबद्धता जनाए । उनले स्वास्थ्यसँग सम्बन्धित हरेक अभियानमा गाउँपालिकाले आवश्यक सहयोग र समन्वयलाई निरन्तरता दिने प्रतिबद्धता समेत व्यक्त गरे ।

### देशैंभरि................

र सिन्धुली जोड्ने खुर्कोट-नेपालथोक-कटुन्जेबैंसी सडक खण्डमा सम्भावित बाढीलाई मध्यनजर गर्दै रातिको समयमा सवारीसाधन चलाउन रोक लगाइएको छ ।

बेलुका ६ बजेदेखि बिहान ४ बजेसम्म सम्पूर्ण सवारीसाधनको आवतजावतमा रोक लगाइएको भए पनि बिहान ४ बजेदेखि बेलुका ६ बजेसम्म भने सवारीसाधन सुचारु हुनेछन् ।

त्यसैगरी, वर्षातका कारण मकवानपुरस्थित कान्ति लोकपथमा पनि रातिको समयमा सबै किसिमका सवारीसाधन चलाउन रोक लगाइएको छ र बेलुका ५ बजेदेखि बिहान ५ बजेसम्म अर्को सूचना नभएसम्मका लागि आवतजावत बन्द गरिएको छ ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जिरोकिलोमा सडक माथिबाट पहिरो खसेर अरनिको राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ भने सोही गाउँपालिका-२ कोदारीस्थित ईकु पहिरोमा पनि सडक माथिबाट ढुंगा र माटो सहितको लेदो खस्दा बाटो पूर्ण रूपमा बन्द भएको छ ।

दोलखाको तामाकोशी गाउँपालिका-५ किर्नेटारस्थित लामासाघुरामेछाप राजमार्गमा तामाकोशी खोलाको पानीको बहाव बढेर कटान गर्दा सडक अवरुद्ध भएको छ, तर खिम्ती ग्रामीण विद्युत सहकारी संस्थाको कार्यालयको परिसरबाट वैकल्पिक बाटो खुलाइएको छ ।

यस्तै रसुवाको गोसाइकुण्ड गाउँपालिका-३ कुलुङमा पहिरो जाँदा पासाङ ल्हामु सडक खण्ड पूर्ण रूपमा बन्द भएको छ भने उत्तरगया गाउँपालिका-५ खाल्टेमा त्रिशुली नदीले सडक मुनीबाट कटान गरेपछि त्रिशुली मैलुङ स्याफ्रुबैंसी जाने कच्ची सडक खण्ड पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं, वन क्षेत्रमा
चरिचरन बन्द गरौं । आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
**चुलाचुली गाउँपालिका**, चुलाचुली इलाम

# प्रदेश सरकार बनाउन एमाले-नेकपा गठबन्धन



**झापा**/ देशैभर नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच गठबन्धन बनेको छ । शुक्रबार एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले संयुक्त हस्ताक्षर गरेर प्रदेश सरकारहरुमा ति दुई पार्टीबीच सत्ता सहकार्यको सहमति गरेसँगै मुलुकमा फेरी एकपटक नयाँ राजनीतिक समिकरण देखिएको हो । प्रदेश सरकारहरु सञ्चालनका क्रममा यसअघि शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको गठबन्धन तोड्दै एमालेले नेपाली कम्युनिस्ट पार्टीसँग प्रदेश सरकारमा गठबन्धन गर्ने सहमति गरेको हो ।

सहमति अनुसार एमालेले कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेश सरकारको नेतृत्व गर्नेछ भने कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा नेपाली कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गर्नेछ ।

कोशी प्रदेशमा अहिले पनि एमालेकै संसदीय दलका नेता हिक्मतकुमार कार्की मुख्यमन्त्री छन् । केन्द्रले नयाँ गठबन्धनको सहमति गरेपछि अब उनै मुख्यमन्त्री कार्की निरन्तर रहन्छन् कि राजीनामा दिन्छन् त्यो भने एमालेकै जिम्मामा छ । सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानूनमन्त्री इन्द्रमणि पराजुलीले मुख्यमन्त्री को हुने भन्ने विषयमा अब पार्टीभित्र छलफल सुरु हुने बताए । 'मुख्यमन्त्री को हुने भन्ने विषय अबको पार्टीका बैठक र छलफलका क्रममा प्रवेश हुन्छन्,' पराजुलीले भने, 'नयाँ परिस्थिति बनेपछि मुख्यमन्त्री बन्ने आकांक्षा राख्ने साथीहरू हुन सक्छन् । त्यसपछि प्रदेश समितिले छलफल गरेर केन्द्रमा सिफारिस गर्छ । अनि केन्द्रले टुङ्ग्याउँछ ।'

अब कोशी प्रदेशमा पनि मुख्यमन्त्री नयाँ आउने दाबी एमालेकै कतिपय सांसदहरुले संकेत गरिरहेका छन् । मुख्यमन्त्रीको दौडमा एमाले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बो पनि छन् । एमालेमा कार्कीपछिको सिनियर नेता उनै मेन्याङ्बो हुन् ।

नेतृत्व परिवर्तन गर्दा हालका मुख्यमन्त्री कार्कीलाई अपमानित महसुस हुन सक्ने भए पनि राजनीतिक परिस्थिति र सहमतिका आधारमा अघि बढ्नुपर्ने बाध्यता देखिन्छ । प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पनि सहज ढङ्गले पद हस्तान्तरण गर्ने बताउँदै आएका छन् । तर, त्यसका लागि विधि र प्रक्रियाबाट हुनुपर्ने उनको अडान छ ।

सङ्घीयता कार्यान्वयनमा आएर प्रदेश सरकारहरू बन्न थालेयता कोशी प्रदेशमा ९ पटक सरकार गठन भइसकेको छ । यस अवधिमा ६ जना फरक-फरक नेताहरू मुख्यमन्त्री बनिसकेका छन् ।

२०७४ फागुन २ गते प्रदेशको पहिलो मुख्यमन्त्रीका रूपमा नेकपा एमालेका शेरधन राईले पदभार ग्रहण गरेका थिए । तत्कालीन नेकपा विभाजनको असर प्रदेशसम्म परेपछि शेरधन राईले राजीनामा दिए र एमालेकै भीमप्रसाद आचार्यले २०७८ भदौ ११ गते मुख्यमन्त्रीको जिम्मेवारी सम्हाले । तर, एमाले विभाजन भएपछि उनको कार्यकाल जम्मा दुई महिना (२०७८ कात्तिक १५ सम्म) मात्र रह्यो । त्यसपछि गठबन्धनको तर्फबाट नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र कुमार राई २०७८ कात्तिक १६ गते मुख्यमन्त्री बने । उनी पहिलो प्रदेश सभाको कार्यकाल सकिएर नयाँ निर्वाचन नहुन्जेल (२०७९ पुस २४ गतेसम्म) सत्तामा रहे ।

दोस्रो प्रदेश सभा निर्वाचन (२०७९) पछि त कोशी प्रदेशमा सत्ताको लुकामारी नै चल्यो । कुनै पनि दलको स्पष्ट बहुमत नहुँदा वर्ष २०८० कोशीको संसदीय इतिहासमै सबैभन्दा अस्थिर वर्ष बन्न पुग्यो । २०८० सालभित्र मात्रै कोशीमा ५ पटक मुख्यमन्त्री फेरबदल भए ।

२०७९ पुस २५ गते पहिलो पटक मुख्यमन्त्री बनेका एमालेका हिक्मत कुमार कार्कीको सरकार ६ महिनापछि २०८० असार २१ गते ढल्यो । त्यसपछि कांग्रेसका उद्धव थापा २०८० असार २२ गते मुख्यमन्त्री नियुक्त भए । तर, सभामुखको हस्ताक्षर प्रयोग गरेको भन्दै सर्वोच्च अदालतको आदेशबाट उनको सरकार २४ दिनमै (साउन १६ गते) ढल्यो ।

लगत्तै २०८० साउन १७ गते थापा नै दोस्रो पटक मुख्यमन्त्री नियुक्त भए, तर सभाध्यक्षलाई मतदान गराएको भन्दै सर्वोच्चले फेरि उनको सरकार बर्खास्त गरिदियो । उनको दोस्रो कार्यकाल पनि भदौ २१ गतेसम्म मात्रै टिक्यो ।

उद्धव थापाको सरकार ढलेपछि सर्वोच्च अदालतको परमादेशबाट २०८० भदौ २२ गते एमाले संसदीय दलका नेता हिक्मत कुमार कार्की दोस्रो पटक मुख्यमन्त्री बने । तर विश्वासको मत नपाउने भएपछि उनी पनि जम्मा एक महिना ( असोज २७ गतेसम्म) मात्र सत्तामा रहे ।

त्यसपछि कांग्रेसभित्रै विद्रोह गरेर केदार कार्की संविधानको धारा १६८ को उपधारा ५ बमोजिम २०८० असोज २८ गते मुख्यमन्त्री बने । केदार कार्कीले करिब ७ महिना सरकार चलाए पनि केन्द्रमा फेरिएको एमाले-माओवादी गठबन्धनको असर कोशीमा पर्दा प्रदेश सभाबाट विश्वासको मत गुमाएपछि केदार कार्की २०८१ वैशाख २६ गते पदमुक्त भए ।

त्यसलगत्तै २०८१ वैशाख २७ गतेदेखि हिक्मत कुमार कार्की तेस्रो पटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भई हालसम्म पदमा बहाल रहेका छन्। । तथ्याङ्कलाई समग्रमा हेर्दा एउटै प्रदेश सभा कार्यकालमा एमालेका हिक्मत कुमार कार्कीले सर्वाधिक ३ पटक र कांग्रेसका उद्धव थापाले २ पटक मुख्यमन्त्री पदको शपथ लिएका छन् । शेरधन राई, भीमप्रसाद आचार्य, राजेन्द्र कुमार राई र केदार कार्कीले एक-एक पटक प्रदेशको नेतृत्व सम्हालेका छन् । अब फेरि कोशी प्रदेशमा १० औं पटक नयाँ सरकार गठन हुने तयारीमा छ । प्रदेशसभाको दोस्रो कार्यकालमै अब बन्ने सरकार ७ औं सरकार हुनेछ ।

हाम्रो अनुरोध
• समयमै कर तिरौं र आर्थिक नवीकरण गर्न नभुलौं ।
• विकास निर्माणमा जनसहभागिता बढाऔं ।
• जथाभावी फोहोर मैला नफालौं ।
• हरियाली वातावरण बनाऔं ।
• व्यक्तिगत घटना दर्ता समयभित्रै गरौं ।
• आफ्नो गाउँ वा नगरलाई सुन्दर बनाऔं ।
दमक नगरपालिका
नगरपालिकाको कार्यालय
दमक-झापा

■ प्रकाशक/सम्पादक : सुशीला पौडेल,
■ मुद्रण : अरुण छापाखाना दमक-६,झापा,
■ कार्यकारी सम्पादक : विष्णु प्रसाद पौडेल,
■ सम्पर्क नं. ९८४२६६६३१४
■ Gmail: nishkarshamedia2078@gmail.com